# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, वैशाख २१ गते २०६१ साल (संख्या ३

## भाग ३

### श्री ५ को सरकार

### भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ को प्रयोजनका लागि सोही ऐनको दफा १२.१.२ घ. बमोजिम नेपालगञ्ज नगर विकास समितिले नेपालगञ्ज नगरपालिका वडा नं. ३ र ५ तथा कारकाँदो गाउँ विकास समिति वडा नं. ५ को तपसिलको चार किल्लाभित्रको सदरलाइन क्षेत्रमा रहेको जग्गाका विभिन्न कित्तालाई एकीकरण गरी नगर योजनाअनुरूप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्ता सेवासुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असुल गर्ने तथा विकसित घडेरीहरू साविकका जग्गाधनी एवं मोहीलाई समानुपातिक आधारमा फिर्ता दिने गरी सदरलाइन जग्गा एकीकरण (ल्याण्ड पुलिङ) कार्यक्रम सञ्चालन गर्न सोको योजना श्री ५ को सरकारबाट मिति २०६०।१२।४ मा स्वीकृत भएकाले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चारकिल्ला

पूर्वः- विभिन्न व्यक्तिको जग्गा

पश्चिमः- विभिन्न व्यक्तिको जग्गा

उत्तरः- पुष्पलाल चोक (सुर्खेत रोड) देखि बसपार्क जाने सडक

दक्षिणः- सुर्खेत रोडदेखि गणेशपुर जाने सडक

आज्ञाले,
तीर्थराज शर्मा
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।